त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering

# डीनको कार्यालय
# OFFICE OF THE DEAN

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

मिति : २०७९/११/०८

## विद्यावारिधि (Ph.D.Research) सम्बन्धी सूचना

त्रि.वि., इन्जिनियरिङ्ग अध्ययन संस्थानबाट संचालन हुने विद्यावारिधि (Ph.D) कार्यक्रम अन्तर्गत नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखाको च.नं. १६।०७९।०८० मिति २०७९।११।०४ को पत्रानुसार चीनको Tainjan University ले आर्थिक वर्ष २०२३।०२४ नेपाली विद्यार्थीहरुका लागि इन्जिनियरिङ्ग विषयमा विद्यावारिधी तहमा अध्ययन गर्न ३ जना विद्यार्थीको नाम मनोनयन गरी पठाईदिनु भनी पत्राचार भएको हुदाँ इच्छुक शोधार्थीहरुले मिति २०७९/११/११ (February 23, 2023) भित्र शोध प्रस्ताव सहित तपशिलका शर्तमा रही निवेदन इ.अ.सं. डीनको कार्यालय योजना शाखामा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क) अध्ययन गर्न चाहेको विषयमा शोध प्रस्ताव (Research Proposal) पेश गर्नुपर्नेछ । प्राप्त शोध प्रस्तावको मूल्यांकन हुनेछ । शोध प्रस्ताव मूल्यांकन तथा अन्तर्वार्ताको आधारमा मुख्य र बैकल्पिक उम्मेदवार छनौट गरिनेछ ।

ख) विद्यावारिधि (Ph.D) तहमा शोधार्थको लागि निवेदन दिनुहुने उम्मेदवारहरुले संलग्न गर्नुपर्ने कागजात-नागरिकता, स्थायी नियुक्तिपत्र र शैक्षिक प्रमाणपत्रहरु तथा आवेदनका सम्बन्धमा इ.अ.सं. डीनको कार्यालय, योजना शाखामा सम्पर्क गर्नुपर्नेछ ।

ग) छात्रवृत्तिमा विद्यावारिधि अध्ययन समाप्ति पश्चात् इ.अ.सं. डीनको कार्यालयले खटाएको स्थानमा अनिवार्य रुपले २ वर्ष काम गर्नुपर्नेछ ।

घ) उमेर ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

ङ) आवेदन इ.अ.सं. डीनको कार्यालय, योजना शाखामा बुझाउनु पर्नेछ ।

***सूचना इ.अ.सं.को वेवसाइट www.ioe.edu.np मा पनि हेर्न सकिनेछ ।***

**संलग्न**

***नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखाको पत्र***

..........................................

प्रा.डा. सुशील बहादुर बज्राचार्य
सहायक डीन (योजना)

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
01-6635442

छात्रवृत्ति शाखा

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-०७९/८०
१६

मितिः २०७९/११/०४

विषयः अनुसन्धान (विद्यावारिधी)तहमा शोधार्थ मनोनयनका लागि उम्मेदवार सिफारिस गरी पठाइदिनु हुन ।

श्री डीनको कार्यालय
त्रिभुवन विश्वविद्यालय, इञ्जिनियरिङ अध्ययन संस्थान,
पुल्चोक, ललितपुर ।

प्रस्तुत विषयमा, चीनको Tainjan University ले आर्थीक वर्ष २०२३/०२४ का नेपाली विद्यार्थीहरुको छात्रवृत्तिका लागि Engineering विषयमा विद्यावारिधी तहमा अध्ययन गर्न ३ जना विद्यार्थीको नाम मनोनयन गरी पठाइदिनुहुन भनी लेखी आएकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७९/११/०४ को सचिव स्तरीय निर्णयबाट त्रिभुवन विश्वविद्यालय इञ्जिनियरिङ अध्ययन संस्थान लाई अनुरोध गर्ने भन्ने भएकाले मिति २०७९/११/१२ गते भित्र ३ जना विद्यार्थीको नाम सिफारिस गरी पठाइदिनु हुन अनुरोध छ । यस मन्त्रालयबाट त्यहाँकै सिफारिसको आधारमा मनोनयन हुने तर अन्तिम छनौट कार्य सम्बन्धित देशकै विश्वविद्यालयबाट हुने व्यहोरासमेत जानकारीका लागि अनुरोध छ ।

...........
सेमन्तराज कोइराला
उपसचिव